# शुभकालिका गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय द्वारा प्रकाशित

## स्थानीय राजपत्र

खण्डः८ | सँख्याः- ३ | मितिः-२०८१/७/३०


**भाग – २**

# मेशिनरी औजार सञ्चालन तथा व्यवस्थापन कार्यविधि ,२०८१

शुभकालिका गाउँपालिका

मेशिनरी औजार सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०८१

प्रमाणिकरण मितिः २०८१/०७/२९

प्रस्तावनाः

शुभकालिका गाउँपालिका,गाउँ कार्यपालिका कार्यालयले खरिद गरेको मेशिनरी औजार विभिन्न व्यक्ति,संस्था र निकायलाई भाडामा उपलब्ध गराउँदा अवलम्बनभ गर्नु पर्ने विधि र प्रक्रियालाई व्यवस्थित र प्रभावकारी बनाई लापरबाही,हिनामिना,नियन्त्रण गर्नका लागि नेपालको धारा २२६ तथा स्थानीय सरकार संचान ऐन,२०७४ को दफा ११(२) घ को (११)ले निर्दृष्ट गरे बमोजिम शुभकालिका गाउँपालिकाको मिति २०८१/०७/२८ गतेको बैठकको स्वीकृतिबाट यो मेशिनरी औजार सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०८१ जारि गरिको छ ।

१.संक्षिप्त नाम र प्रारम्भः

क) यस निर्देशिका नाम मेशिनरी औजार सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०८१ रहेको छ ।

ख) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

२.परिभाषाः

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः

(क) "कार्यविधि" भन्नाले शुभकालिका गाउँपालिकाको मेशिनरी औजार सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०८१ बुझ्नुपर्छ

(ख) "गाउँपालिका" भन्नाले शुभकालिका गाउँपालिका बुझ्नुपर्छ ।

(ग) समिति भन्नाले यस कार्यविधि अन्तर्गत गठित संचालक समिति सम्झनु पर्दछ ।

(घ) शाखा भन्नाले यस शुभकालिका गाउँपालिकाको मेशिनरी साधन सम्बन्धी उप शाखा/जिन्सी उपशाखालाई सम्झनु पर्दछ।

(ङ) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन,२०७४ बुझ्नुपर्छ ।

(च) "कोष" भन्नाले शुभकालिका गाउँपालिकामा यस निर्देशिका बमोजिम गठन गरिएको मेशिनरी औजार सञ्चालन तथा व्यवस्थापन कोष बुझ्नुपर्दछ ।

(छ) मेशिनरी औजार भन्नाले विकास निर्माण सम्बन्धी काम गर्न प्रयोग गरिने गाउँपालिकाको स्वामित्वमा रहेका रोलर,बारुण यन्त्र,ब्याक-हु लोडर,ग्रेडर,टयाक्टर,ट्रिपर, एक्साभेटर जस्ता मेशिनरी उपकरणलाई जनाउँदछ ।

(ज) कोष भन्नाले शुभकालिका गाउँपालिकाको हेभी ईक्विप्मेन्ट संचालनको लागि तोकिएको कोष सम्झनु पर्दछ ।

(झ) चालक भन्नाले मेशिनरी साधन चलाउने चालक सम्झनु पर्छ ।

(ञ) सेवाग्राही भन्नाले यस कार्यविधि अनुसार सेवा लिन चाहने व्यक्ति,सार्वजनिक संघ संस्था,समिति,उपभोक्ता समिति वा अन्य यस्तै प्रकृतिका अन्य निकाय सम्झनु पर्दछ ।

३. कार्यविधिको उद्देश्यः यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ ।

क. गाउँपालिकाको स्वामित्वमा रहेको मेशिनरी औजारलाई सदुपयोग गर्न सघाउन पुर्याउने ।

ख. गाउँपालिकाको मेशिनरी औजारलाई मितव्ययी,पारदर्शि तरिकाले संचालन गरि गाउँपालिकाको आन्तरिक आम्दानी बृद्धि गर्ने तथा जनतालाई अत्याधिक मात्रामा सेवा दिई गाउँपालिका प्रति जनताको अपनत्व वृद्धि गर्ने।

ग. आर्थिक व्यवस्थापन प्रणालीलाई अनुशासित र वित्तीय कुशलता हासिल गर्न सघाउ पुर्याउने ।

घ. गाउँपालिकाको संस्थागत क्षमता विकास,आयोजना व्यवस्थापन र वित्तीय अनुशासन कायम गर्ने।

ङ. मेशिनरी औजार संचालन समितिलाई उल्लेखित साधनहरु प्रति अझ बढी जिम्मेवार र उत्तरदायी बनाउने,

च. मेशिनरी औजारलाई कुशलतापूर्वक संचालन गरि दिर्घकालिन रुपमा प्रयोगमा ल्याउने,

४. मेशिनरी औजार प्रयोग क्षेत्र र प्राथमिकताक्रमः

क) मेशिनरी औजार दैवी प्रकोप,फोहरमैला व्यवस्थापन,विकास निर्माण सम्बन्धी कार्यमा बाहेक अन्य कार्यमा प्रयोग गरिने छैन ।

ख) गाउँपालिकाको स्वामित्वमा रहेको मेशिनरी औजार प्रयोग गर्न उपलब्ध गराउँदा देहायको प्राथमिकता बमोजिम गरिने छः

१.दैवी प्रकोप उद्धारको कार्यमा,

२. गाउँक्षेत्रमा गाउँपालिकाबाट संचालन भएका बिकासका आयोजनाहरुको कार्यमा,

३. गाउँक्षेत्रमा उपभोक्ता समितिबाट कार्यान्वयन गरिएका विकास आयोजनाको कार्यमा,

४. गाउँपालिका क्षेत्रभित्र सरकारी,गैर सरकारी क्षेत्रबाट सञ्चालित विकास आयोजना संग सम्बन्धित कार्यमा गाउँक्षेत्रका अन्य व्यवसायी,निर्माणकर्मिहरुलाई भाडामा दिंदा ।

५. संचालनका लागि जनशक्ति व्यवस्थाः

क) मेशिनरी औजार संचालन गर्नका लागि प्रति औजार एक जना चालक र एक जना सहयोगिको व्यवस्था गरिनेछ ।

ख) चालक र सहयोगीको पारिश्रमिक तथा सुविधा करार सम्झौताबाट निर्धारण भए बमोजिम हुनेछ ।

६.संचालक समितिको गठन

(क) शुभकालिका गाउँपालिकामा रहेका मेशिनरी औजार संचालनको लागि देहाय बमोजिमको संचालक समिति रहनेछ।

- प्रमुख प्रशासकीय अधिकृत – संयोजक
- पूर्वाधार शाखा प्रमुख - सदस्य
- लेखा शाखा प्रमुख - सदस्य
- योजना शाखा शाखा प्रमुख - सदस्य
- जिन्सी शाखा/राजस्व शाखा प्रमुख – सदस्य सचिव

बैठकमा आवश्यकता अनुसार अन्य कर्मचारी/पदाधिकारीलाई आमन्त्रण गर्न सकिनेछ ।

७.समितिको काम,कर्तव्य र अधिकारः

संचालक समितिको काम कर्तव्य र अधिकार तपसिल बमोजिम हुनेछ ।

१. मेशिनरी औजारहरु प्रयोगको दररेट परिमार्जन लागि सिफारिस गर्ने,
२. मेशिनरी औजारहरुको रेखदेख र संचालनको अवस्था नियमन गर्ने,
३. मेशिनरी औजारहरुको नियमित मर्मत संभार गर्ने,
४. मेशिनरी औजारहरु संचालनको मासिक रुपमा प्रगति प्रतिवेदन पेश गर्ने,

५. भाडामा संचालन हुने मेशिनरी औजारको माथि उल्लेखित प्राव्धानहरुको परिधि भित्र व्यक्ति,संस्था ठेकेदार, उपभोक्ता समितिहरुलाई भाडामा उपलब्ध गराउन अनुसूची -२ को ढाँचामा सिफारिस गर्ने,

६. मेशिनरी औजारहरुको मर्मत संभार तथा नयाँ पाटपुर्जा थप गर्नु पर्ने भए निर्णय गरि प्रमुख प्रशासकीय अधिकृतलाई सिफारिस गर्ने,

७. समितिको बैठकमा प्रत्येक मेशिनरी औजारहरुको अवस्था,वस्तुस्थिती र आय व्यय समेतको समीक्षा गरी गाउँ कार्यपालिकाको बैठकमा पेश गर्ने,

८. कार्यपालिकाले तोके बमोजिमका अन्य कार्यहरु गर्ने ।

**९. समितिको बैठक सम्बन्धी कार्यविधिः**

क) समितिको बैठक कम्तिमा त्रैमासिक रुपमा बस्नु पर्नेछ ।

ख) बैठकको गणपुरक संख्या दुई तिहाई हुनेछ र दुई तिहाई सदस्यको निर्णय मान्य हुन्छ ।

ग) आवश्यकता अनुसार समितिको बैठक जुनसुकै अवस्थामा पनि वस्न सक्नेछ ।

१०.मेशिनरी औजारको उपलब्धता/सेवा प्राप्त गर्दा अपनाउनु पर्ने कार्यविधि सम्बन्धी व्यवस्थाः

(क) सेवाग्राहीले अनुसूची -१ बमोजिमको ढाँचामा निवेदन पेश गर्नु पर्नेछ ।

(ख) गाउँपालिकाबाट उपलब्ध गराईने मेशिनरी औजारको भाडादर अनुसूची-२ बमोजिम हुनेछ ।

(ग) सेवाग्राहीले अनुसूची-१ बमोजिम फारम भरी समितिको सिफारिसमा अनुसूची-२ बमोजिमको शूल्क बुझाइसके पछि अनुसूची -३ बमोजिमको ढाँचामा सम्झौता गरी मेशिनरी औजार उपलब्ध गराइनेछ ।

(घ) तत्काल मेशिनरी औजार प्रयोगमा ल्याउनु पर्ने अवस्था उत्पन्न भएमा पछि समितिको बैठकबाट अनुमोदन गराउने गरि सम्बन्धी शाखाले मेशिनरी औजार उपलब्ध गराउन सक्नेछ ।

(ङ) अग्रिम दस्तुर बुझाएको भन्दा बढी समय प्रयोग गरेमा नियमानुसार थप दस्तुर बुझाउनु पर्ने भएका थप दस्तुर उठाउने दायित्व काममा खटिएको सवारी चालकको हुनेछ ।

(च) लापरवाहीका कारणले मेशिनरी औजारमा कुनै क्षति पुग्न गएमा सो को जिम्मेवारी साधन माग गर्ने सेवाग्राहीको हुनेछ ।

(छ) विपत्ति र गाउँपालिकाबाट आयोजना गरिने विशेष कार्यका सन्दर्भमा मेशिनरी औजार संचालन गर्नु पर्ने भएमा महसुल छुट गर्न सकिनेछ सोको जानकारी गाउँ कार्यपालिकालाई गराउनु पर्नेछ

(ज) गाउँपालिकाबाट सम्झौता गरि कार्य संचालन हुने उपभोक्ता समितिहरुको हकमा तत्काल भाडा बुझाउन नसक्ने भएमा रकम भुक्तानी हुँदा कटाउँने गरि मेशिनरी औजार उपलब्ध गराउन पर्नेछ ।

(झ) कार्यालयको अनुमति नलिई चालकले कार्य प्रक्रिया अगाडी बढाएमा चालकबाटै सरकारी बाँकी सरह असुल उपर गरी चालकलाई विभागीय कारवाही गरिनेछ ।

(ञ) मेशिनरी औजार मेशिनरीको आन्तरिक खाता बेग्लै हुनेछ । उक्त खातामा मेशिनले कार्य गर्दा प्राप्त हुने भाडा रकमलाई जम्मा गरिने छ । खाता प्रमुख प्रशासकीय अधिकृत र लेखा अधिकृतको संयुक्त दस्तखत बाट संचालन हुनेछ ।

(ट) मेशिनरी औजार भाडामा लिने फर्म,संस्था,कम्पनी,ठेकेदार,उपभोक्ता समितिले मेशिनरी औजार भाडा लिने स्थान देखि नै ईन्धन खर्च व्यहोर्नु पर्नेछ ।

(ठ) चालकले प्रत्येक घण्टाको लगबुक तयार गर्नु पर्नेछ । कार्य स्थलमा काम गर्दा बढी काम गरी कम काम देखाई वा तोकिएको भन्दा बढी काम गरी कुनै तरिकाले कुनै कर्मचारी तथा पदाधिकारी,व्यक्ती,संस्था,ठेकेदार वा उपभोक्ता

समितिले यस कार्यविधिको भावना र मर्म विपरीत हुने गरी प्रलोभन,मोलाहिजा,भनसुन तथा कसैको डर,धम्की धाकमा परि कसैलाई संचालन गर्न दिएमा उल्लेखित कार्यलाई गम्भिर अपराध मानि प्रचलित कानून बमोजिम निजलाई कारवाही गरिनेछ ।

(ड) मेशिनरी औजार भाडामा लिन चाहने व्यक्ति,फर्म,उपभोक्ता समिति,कम्पनी वा प्रोप्राईटरले भाडामा लिंदा गाउँपालिका कार्यालय वा मेशिनरी औजार रहेको स्थानबाट भाडा दर गणना गरिनेछ ।

(ढ) नगदै रकम जम्मा गरेको वा वैंकमा रहेको तोकिएको खातामा जम्मा गरेको धरौटी रकम तोकिएको समयावधि भन्दा कम काम भए कार्यालयले कामको परिमाण अनुसारको दरको रकम कट्टा गरि बाँकी रकम फिर्ता गर्नेछ ।

(ण) धरौटी वापत जम्मा भएको रकमले खामे भन्दा बढी समय कुनै पनि मेशिनरी औजार कार्य प्रकृया अगाडी बढाउन बाध्य हुनेछैन ।

तर कार्यालयमा आई वा कार्यालयको प्रतिनिधिलाई धरौटी वापत थप रकम बुझाएमा कार्य सुचारु गर्न सकिने छ सो कुराको जानकारी कुनै पनि संचार माध्यमबाट तुरुन्त कार्यालयलाई जानकारी गराउनु पर्नेछ ।

(त) गाउँपालिकाको मेशिनरी औजारको अनिवार्य रुपमा विमा गराउनु पर्नेछ ।

१०.मेशिनरी औजार सञ्चालन कोषः

गाउँपालिकामा मेशिनरी औजार संचालन कोष रहनेछ । यस कोषमा मेशिनरी औजार भाडामा दिंदा प्राप्त भएको रकम जम्मा गरिनेछ । उक्त कोषबाट तपशिलका बमोजिमका शिर्षकहरुमा बाहेक अन्य शिर्षकमा कुनै रकम खर्च गरिने छैन ।

१. चालक र सहयोगीलाई दिइने तोकिए अनुसारको तलब भत्ता रकम,
२. ईन्धन खर्च,
३. मेशिनरी औजार उपकरण,पाटपुर्जाको मर्मत तथा खरिद खर्च,
४. मेसिन संचालन गरे वापत नेपाल सरकारलाइ तिर्नु पर्ने कर रकम,
५. मेशिनरी औजार सञ्चालन समितिको बैठक बस्दा भएको चिया खर्च,
६. गाउँ सभाले निर्णय गरे अनुसारका शिर्षकहरुमा खर्च हुने रकम,
७. कोषको मेशिन संचालन गर्दा आईपर्ने विविध तथा भैपरी खर्च ।

११. संचालन विधिः

प्रचलित कानून अनुसार गाउँपालिकाको खाता संचालन गर्ने प्रक्रिया अनुसार कोष संचालन हुनेछ ।

१२.संशोधन तथा खारेजीः

प्रत्येक आर्थिक वर्षमा आवश्यकता अनुसार कार्यपालिकाको निर्णय अनुसार संशोधन र खारेजी गर्न सकिनेछ ।

१३.विविधः

(क) यसमा उल्लेख नभएका अन्य व्यवस्था गाउँ कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।
(ख) गाउँ कार्यपालिकबाट यो कार्यविधिमा समयानुसार परिमार्जन गर्न सकिनेछ ।
(ग) यस कार्यविधिको व्याख्या गाउँ कार्यपालिकाले गर्नेछ ।

शुभकालिका गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सुकाटिया, कालिकोट कर्णाली प्रदेश, नेपाल २०७३

अनुसूची-१

(बुँदा १० को (क) संग सम्बन्धित)

## रोलर/ग्रेडर/व्याक हो लोडर/टिप्पर/एक्साभेटर/ट्र्याक्टर भाडामा लिने सम्बन्धी निवेदनको ढाँचा

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
शुभकालिका गाउँपालिकाको कार्यालय
सुकाटिया, कालिकोट ।

.......................................................कामको लागि गाउँपालिकाको नियमानुसार निम्म लिखित रोलर/ग्रेडर/व्याक हु लोडर/टिप्पर/एक्साभेटर/ट्र्याक्टर तपशिलमा उल्लेखित समयको लागि उपलब्ध गरि दिन हुन निवेदन गर्दछु ।

१. रोलर/ग्रेडर/व्याक हु लोडर/टिप्पर/एक्साभेटर/ट्र्याक्टर

कार्यको विवरण स्थान सिफ्ट कहिले देखि अनमानित

कार्य अवधि ....................................देखि .............................सम्म कार्यालयको नियम अनुसार राजश्व जम्मा गरि सकेपछि मेशिन लैजाने र काम गर्ने करारमा कार्यालयले तोकेको सम्पूर्ण नियम तथा शर्तहरु पालना गर्न मञ्जुर गर्दछु

निवेदको पुरा नाम,ठेगानाः-

टेलिफोन /मो.नं.-

निवेदक वा निजको प्रतिनिधिको हस्ताक्षरः

अफिसको कामको लागि मात्र

श्री आर्थि प्रशासन शाखा

.......................................................निम्न बमोजिम रकम आम्दानी बाँध्नु होला ।

भाडामा दिएको विवरणः

भाडा दर (प्रति घण्टा /सिफ्ट).........................

जम्मा राजश्व रकमः..............................

राजश्व रकम प्रास भएको मितिः..........................

पेश गर्ने कर्मचारीः...........................................

प्रमाणित गर्नेः

अनुसूची-२

(बुँदा १० को (ख) सँग सम्बन्धित)

<u>मेशिनरी औजार प्रयोग गरे वापतको दस्तुर</u>

| क.सं. | मेशिनरी औजारको नाम | गाउँपालिका क्षेत्र भित्र र गाउँपालिका वा अन्तर्गतको योजना कार्यक्रमको लागि दररेट | | | | गाउँपालिका क्षेत्र बाहिर र व्यक्तिगत तथा निजी कामको लागि दररेट ईन्धन बाहेक | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ईन्धन बाहेक | | ईन्धन सहित | | ईन्धन बाहेक | | ईन्धन सहित | | |
| | | बकेट | ब्रेकर | बकेट | ब्रेकर | बकेट | ब्रेकर | बकेट | ब्रेकर | |
| १ | एक्साभेटर | २७०० | ३५०० | ७००० | ८००० | २७०० | ३५०० | ७००० | ८००० | |
| २ | व्याक–हु लोडर | | | | | | | | | |
| ३ | रोलर | | | | | | | | | |
| ४ | ट्रिप्पर | | | | | | | | | |
| ५ | शब बाहन | | | | | | | | | |
| ६ | बारुण यन्त्र | | | | | | | | | |
| ७ | ग्रेडर | | | | | | | | | |
| ८ | पानी टयाङकर | | | | | | | | | |
| ९ | ट्र्याक्टर | | | | | | | | | |

नोटः माथि उल्लेखित दररेटमा चालक र सहचालकले चालक भत्ता प्रतिघण्टा क्रमशः रु.२५० र रु.५० पाउने गरि समावेश गरिएको छ । चालक र सहचालकको मासिक तलब क्रमशः रु.१८०००/ र १५०००/ भुक्तानि गर्नु पर्नेछ । समय समयमा आवश्यकता अनुसार कार्यपालिकाले तोके बमोजिम दररेट फेरबदल हुनेछ ।

अनुसूची- ३

(बुँदा १० को (ग) सँग सम्बन्धित)

<u>शुभकालिका गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सुकाटिया,कालिकोट र ..............................................................</u>
<u>का विच गाउँपालिकाको स्वामित्वमा रहेका हेभी ईक्वीपमेन्ट भाडामा लगाउने कार्य सम्बन्धी सम्झौतापत्र</u>

शुभकालिका गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सुकाटिया,दैलेख (यस पछि प्रथम पक्ष भनिनेछ) र ......................जिल्ला ........................................ पालिका वडानं..................स्थित ...............................................(यस पछि दोस्रो पक्ष भनिनेछ) को विचमा मेशिनरी औजार भाडामा लिन/दिन देहाय बमोजिमको सेवा तथा शर्तहरुको अधिनमा रहि दुवै पक्ष एक आपसमा सहमत भई शुभकालिका गाउँपालिका कार्यालयमा वसि यो द्विपक्षिय सम्झौता पत्रमा हस्ताक्षर गरिदियौं/लियौं ।

१.प्रथम पक्षले दोस्रो पक्षलाई मिति घण्टा ..........सम्म ..................देखि मिति...............................भाडामा उपलब्ध गराउनु पर्नेछ ।(मेशिन आउने र जाने समय समेत) उल्लेख गर्नु पर्नेछ ।

२.शुभकालिका गाउँपालिका क्षेत्र भित्र सार्वजनिक निर्माणको कार्य गर्न प्रतिघण्टा ईन्धन खर्च समेत.......................बाहेक/मा दोस्रो पक्षले भुक्तान गर्नुपर्नेछ ।

३. मेशिनरी औजारको प्रयोगको क्रममा दोस्रो पक्षको लापरबाहीबाट दुर्घटना भएको पुष्टि हुन आएमा उक्त क्षतिको पूर्ति दोस्रो पक्षले गर्नेछ ।

४. मेशिनरी औजार सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि,२०८१ मा भएका कुराको अतिरिक्त निम्न लिखित अधिकार प्रथम पक्षलाई हुनेछ ।

क) समयमा कार्य सम्पादन हुन नसके मेशिनरी औजार फिर्ता गरि सम्झौता भंग गर्ने,

ख) प्रचलित कानून वा खरिद सम्झौता बमोजिम उपलब्ध हुने अन्य उपचार।

५. मेशिनरी औजारको बहाल अवधिभरको अपरेटर भत्ता दोस्रो पक्षले स्वयंले बेहोर्नु पर्नेछ ।

६. सम्झौतामा उल्लेख नभएका विषयमा वस्तुहरुको हकमा नेपालको प्रचलित कानून(सार्वजनिक खरिद ऐन,२०६३र सार्वजनिक खरिद नियमावली,२०६४) बमोजिम हुनेछ ।

**प्रथम पक्षको तर्फबाट**

दस्तखतः........................................

नामथरः

प्रमुख प्रशासकीय अधिकृत

शुभकालिका गाउँपालिकाको कार्यालय,कालिकोट ।

**दोस्रो पक्षको तर्फबाट**

दस्तखतः........................................

नामथरः

ठेगानाः

**रोहवरः**

दस्तखतः...................................

नामथरः

योजना शाखाः

दस्तखतः......................................

नामथरः

जिन्सी शाखाः

ईतिसंवत् ....................................साल ....................गते...................रोज ....................शुभम् ।